जि.का.सप्तरी द.नं. ९(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक ३९ २०८१ साल जेठ ६ गते आइतवार (19 May 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** अग्निपीडित परिवारलाई नगद ... **पृष्ठ ३ मा :** विश्वकै पहिलो अर्थव्यवस्था ... **पृष्ठ ५ मा :** नेपाल पुलिसलाई महिला ... **पृष्ठ ५ मा :** अफगानिस्तानमा आकस्मिक ...

# नयाँ विरुवा उत्पादन र अतिक्रमित जग्गा घेरवार गरि वन बिस्तार गरिदै







**राजविराज**/डिभिजन वन कार्यालय सप्तरीले लाखौं नयाँ बिरुवा उत्पादन र अतिक्रमित जग्गा घेरवार गरि वन विस्तार र संरक्षणका लागि आवश्यक कदम चालेको छ ।

डिभिजन वन कार्यालय सप्तरीले चालु आ.ब.मा ३ लाख ६० हजार विभिन्न जातका विरुवाहरु उत्पादन गरेर निशुल्क रुपमा बितरण गर्ने तयारीमा रहेको छ ।

वन व्यवस्थापन, संरक्षण र आर्थिक उपार्जनका विभिन्न गतिविधिमा जोड दिदै विभिन्न प्रजातिका बोटविरुवा र जडीबुटि उत्पादनदेखि उधमशिल विकासमा समेत वन कार्यालय सक्रिय देखिएको छ । वर्षेनी वनजंगल क्षेत्र कम हुँदै गएको बेला वन कार्यालयले चलाएको अभियान र तयार पारेको कार्ययोजनाले जिल्लामा वन क्षेत्रको विकास, बिस्तार र संरक्षणमा महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

जिल्लाको सवडिभिजन वन कार्यालय कंचनपुरमा वन नर्सरी स्थापना गरि विविध जातजातिका विरुवा उपलब्ध गराइरहेको छ । यस्तै वन कार्यालयले चुरेफेदीमा रहेको सुरुङ्गा नगरपालिका ६ स्थित सेतीदेवी सामुदायिक वनका साथै रुपनी गाउँपालिका ६ तेरहौतामा खाँडो खोला नदी उकास जग्गा र कंचनरुप नगरपालिका ४ पौडा खोला वन क्षेत्रमा बृक्षारोपन, अतिक्रमित वन क्षेत्र खाली र तारले घेरवार लगायतका काम गरी वन क्षेत्रको विकास र संरक्षण कार्यलाई तिब्र बनाएको छ ।

डिभिजन वन कार्यालय सप्तरीका प्रमुख शुभाषचन्द्र दासले सामुदायिक वनहरुलाई उत्पादनसँगै जोड्ने एकिकृत योजना तयार गरेर अघि बढेको जानकारी दिए ।

उनले चोरी तथा वन अतिक्रमण नियन्त्रण, वृक्षारोपन, जिविकोपार्जनका लागि बैकल्पिक कार्यक्रम र सामाजिक शसक्तिकरणलाई प्राथमिकतामा राखिएको बताउँदै सेतीदेवी सामुदायिक वनमा चालु आ.ब.मा विभिन्न प्रजातिका करिब ३ लाख विरुवा रोप्ने लक्ष्य रहेको बताए ।

उनले सो वन क्षेत्रमा ९ हेक्टर अतिक्रमित जग्गा खाली गराई नयाँ वन क्षेत्र कायम गरिएको तथा ३३ हेक्टमा वन बिस्तार गरी सो वनमा खइर, मसला, महगनी, अमला, गोल्डमोहर, सालधारी लगायत विरुवाको उत्पादन भइरहेको जानकारी समेत दिए ।

उनले चालु आ.ब. २०८०/८१ को हालसम्मको अवधीमा सेतीदेवी सामुदायिक वनको १० हेक्टर जग्गामा झाँडी सफाईको काम सकिएको र आगो डढेलोबाट वन जंगल जोगाउन सचेतनाका विभिन्न कार्यक्रम संचालन रहेको जानकारी दिए । उनले वन जोगाउन झाँडी सफाईका लागि चुरे उत्थानशिल आयोजना बर्दीबासबाट प्राप्त बजेटले उपभोक्ता समिति मार्फत काम भइरहेको बताए ।

यस्तै रुपनी गाउँपालिका ६ तेरहौतामा खाँडो खोला नदीले उकासेको १० हेक्टर जग्गामा खइर, मसला, जामुन, इपिलिपि, बाँस, तेजपात लगायत विभिन्न प्रजातिका २१ हजार बिरुवा रोपिएको सहायक वन अधिकृत शशिन्द्र यादवले जानकारी दिए ।

यता सबडिभिजन कार्यालय कंचनपुर कार्यालय परिसरमा रहेको वन नर्सरीमा चालु आ.ब. २०८०/८१ मा किट, महगनी, गोल्डमोहर, तेजपात, बोतलबर्ष, आँप, लिचि, बेल, हर्रो लगायतका ९० हजार बोटबिरुवा खेती गरेर स्थानीयबासीलाई उत्पादन र आम्दानीसँग जोड्ने काम भएको सो कार्यालयका प्रमुख सन्तोष यादवले जानकारी दिए ।

ती क्षेत्रको अनुगमन तथा निरिक्षण टोलीमा सहायक वन अधिकृत, सत्यनारायण यादव, बैधनाथ मण्डल, रेन्जर लक्ष्मण साफी, अमृत पोखरेल, फोरेष्टर पंकज मिश्र, लेखाअधिकत चन्दन रजक तथा पत्रकार महासंघका सभापति श्रवण देवसहित विभिन्न संचार माध्यामका डेढ दर्जन भन्दाबढी संचारकर्मीसमेत सहभागि थिए ।

## पत्रकार महासंघको निर्वाचन तोकिएकै मितिमा हुन्छ : अध्यक्ष पोखरेल

**काठमाडौं**/नेपाल पत्रकार महासङ्घका अध्यक्ष बिपुल पोखरेलले महासङ्घको निर्वाचन तोकिएको मितिमा हुने बताएका छन् ।

महासङ्घको प्रतिष्ठान प्रदेश कमिटीको चौथो साधारणसभा तथा पत्रकारिताको सामयिक बिमर्श विषयमा शनिबार राष्ट्रिय समाचार समिति (रासस) को केन्दीय कार्यालयमा आयोजित कार्यक्रममा अध्यक्ष पोखरेलले महासङ्घको निर्वाचन यही जेठ २६ गते नै हुने बताएका हुन् ।

निर्वाचन सर्छ भन्ने आशङ्का नराख्न आग्रह गर्दै उहाँले निर्वाचन समिति गठन गरी समितिले कार्य प्रारम्भ गरिसकेको जानकारी दिनुभयो ।

महासङ्घको गत वैशाख २१ र २२ गते काठमाडौँमा सम्पन्न २७औं राष्ट्रिय महाधिवेशनले केन्द्र, प्रदेश र जिल्लामा नयाँ नेतृत्वका लागि मिति निर्धारण गरेको थियो । सदस्यता शुद्धीकरणले अन्तिम रुप नलिइसकेकाले समयमा निर्वाचन हुन नसक्ने आशङ्का गरिएको थियो ।

## दुर्घटनामा पत्रकार रोहिताको मृत्यु

**धनुषा**/कारले मोटरसाइकललाई ठक्कर दिँदा धनुषाका पत्रकार शिवेन्द्र रोहिताको मृत्यु भएको छ ।

जनकपुरधाम उपमहानगरपालिका ९ थापाचोकमा शनिबार बिहान बा.२१च. ३३४३ नम्बरको कारले पत्रकार रोहिता सवार प्रदेश२ज.५६९४ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

धनुषाको सहिदनगर नगरपालिका ८ घर भएका ३२ वर्षीय रोहिता ‘जनकपुर अनलाइन’का सञ्चालक तथा मकालु खबरमा कार्यरत थिए ।

मोटरसाइकलको पछाडि सवार २५ वर्षीय जयनाथ यादव घाइते भएका छन् । उनको जनकपुरको सीता अस्पतालमा उपचार भइरहेको छ । कार चालकलाई नियन्त्रणमा लिएर घटनाको अनुसन्धान गरिरहेको धनुषा प्रहरीले जनाएको छ ।

**लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं**

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,

➤मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
➤सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
➤विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
➤उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
➤लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
➤वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# रोजगारीको अवसर सृजना गर

मुलुकमा अहिले बेराजगारी समस्याले जडो गाड्दै छ । रोजगारको अवस्था सृजना हुन नसक्दा अहिले यूवाहरु विदेश पलायन हुने दिनप्रति दिन बढ्दै गएको छ । स्वदेशमै रोजगारीको अवसर सृजना गरेर युवाहरुको सीपको सदुपयोग गर्न सक्नु पर्छ । तर, देश निर्माणदेखी आन्तरिक कार्यहरुमा यूवाहरुको महत्वपूर्ण भुमिका हुनेकुरा अहिले नेताहरुले बिर्सेका छन् । देश विकासका लागि युवा शक्तिलाई अहम मानिन्छ । समाजमा कुनै परिवर्तन ल्याउनका लागि अहिलेको परिवेशमा यूवाहरु नै उत्तम विकल्प समेत रहेको छ । उनीहरुको जोश, जागर र महिनेतले सामाजमा परिवर्तन ल्याउन सक्छ ।

हाम्रो देशका यूवाहरु आफ्नो देशमा नभइकन अन्य मुलुकमा श्रमदान गर्न बाध्य छन् । समाज, टोल, नगर, गाउँ, जिल्ला, प्रदेश वा राष्ट्रको विकासमा यूवा जनशक्तिलाई परिचालन गरेर विकासीय कार्यलाई समेत तिब्रता दिन सकिन्छ । उनीहरुलाई उचित प्रशिक्षण दिएर सीपमुलक कार्यमा लगाएमा समाज परिवर्तनको सम्वाहकको रुपमा प्रयोग गर्न सकिन्छ ।

तसर्थ यूवाहरु समाज परिवर्तनका लागि एउटा उचित माध्यम रहेकाले उनीहरुलाई यसका लागि तीनै तहका सरकारले राजगारीको विकल्पलाई खुलाउन गम्भिरतापूवर्क लाग्नु पर्ने आवश्यकता रहेको छ भने बाहिर गएका युवाहरुलाई पुन: स्वदेश फर्काएर रोजगारी दिने अवसर सृजना गर्नु पनि उत्तिकै आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अग्निपीडित परिवारलाई नगद प्रदान



**राजविराज**/महादेवा गाउपालिका १ चिम्टीका अग्निपीडित परिवारलाई जिल्ला विपद् व्यवस्थापन समिति सप्तरीले राहत स्वरुप नगद उपलब्ध गराएको छ ।

गत बैशाख १८ गते भएको भिषण आगलागीमा घरवारविहिन भएका ४६ परिवार मध्ये ५ जना परिवार संख्या भएकोलाई १५ हजार र सोभन्दा बढी सदस्य रहेका परिवारजनलाई २० हजारका दरले नगद रकम उपलब्ध गराईएको हो ।

प्रमुख जिल्ला अधिकारी किरण थापाले महादेवा गाउपालिका अध्यक्ष सुनिल कुमार मण्डल र वडाध्यक्ष जयश्वर किशोर दासको रोहवरमा १९ अग्निपीडित परिवारलाई २० हजार र २७ परिवारलाई १५ हजारको दरले सात लाख ८५ हजार नगद प्रदान गरेको जनाइएको छ ।

सो अवसरमा नागरिकता, घर यकिन र मतदाता विवरण लगायतका कागजातहरु संकलनमा समय लागेकोले नगद राहत वितरणमा केहि ढिलाई भएको प्रमुख जिल्ला अधिकारी थापाले बताए ।

कार्यक्रममा प्रमुख सेनानी रमेश पाण्डे, प्रहरी उपरीक्षक गजुसिद्धि वज्राचार्य, शसस्त्र प्रहरी उपरिक्षक धनबहादुर सिंह र राष्ट्रिय अनुसंधान सप्तरी प्रमुख सुरेन्द्र कोइराला लगायतको उपस्थिति थियो ।

# जानकी नवमीमा प्रभातफेरी

**राजविराज**/सप्तरीमा विभिन्न धार्मिक अनुष्ठानका साथै मैथिली साहित्य परिषद् तथा मैथिल महिला परिषद् सप्तरीले जानकी नवमी मनाएको छ ।

सो अवसरमा शुक्रबार प्रभातफेरी र झाँकी कार्यक्रमको आयोजना गरिएको छ । स्थानीय पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालयको प्राङ्गणबाट प्रभातफेरी तथा आकर्षक झाँकी र बाजागाँजासहित निस्केको जुलुस नगर परिक्रममा पश्चात् जिल्ला समन्वय समितिको सभाकक्षमा पुगेर कार्यक्रममा परिणत भएको थियो ।

प्रभातफेरी तथा झाँकी प्रदर्शन कार्यक्रममा सर्वसाधारण, मैथिली अभियानी, सुरक्षा निकायका प्रमुख तथा विभिन्न संघ संस्थाका प्रतिनिधि उल्लेख्य रुपमा सहभागि भएका थिए ।

बैशाख शुक्ल नवमीका दिन महामाया महालक्ष्मी जगत जननी माता सीताको रुपमा मिथिलाको धर्तीबाट प्रकट भएको हुन् भन्ने पौराणिक धार्मिक मान्यता रही आएको छ ।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधान्कि कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिबाना कम बढी गर्ने स्वबिवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय**
**सप्तरी**

# विश्वकै पहिलो अर्थव्यवस्था किन बन्दैछ चीन ?

**ईश्वरचन्द्र ज्ञवाली**

**आरम्भ**

नेकपा माओवादी केन्द्रको तीस सदस्यीय प्रतिनिधि मण्डल चिनियाँ कम्युनिष्ट पार्टीको वैदेशिक विभागको आमन्त्रणमा चीनको अध्ययन भ्रमणमा २०८१ साल वैशाख ५ गते 'चाइना एयर' बाट दिनको ११.४० बजे छेन्दु सहरका लागि प्रस्थान गऱ्यो । लगभग साढे तीन घण्टाको उडानपछि छेन्दु सहरमा ओर्लिएर केही समय विश्रामपछि पुनः चीनको राजधानी बेइजिङतर्फ प्रस्थान गऱ्यो । बेइजिङमा चिनियाँ कम्युनिष्ट पार्टीका विदेश मामिला हेर्ने केन्द्रीय बिभागका विभागीय सदस्य तथा कर्मचारीले हामीलाई स्वागत गर्दै होटलमा बस्ने बन्दोबस्त गरे ।

उहाँ पुगेपछि हाम्रो भ्रमणको उद्देश्य अनुरुप गरिने सबै कार्यक्रमको विवरण सहितको समय-तालिकायुक्त पुस्तिका उपलब्ध गराइयो भने सो समय तालिका बमोजिम एसिया र दक्षिण एसिया हेर्ने विभागीय उपप्रमुख, प्रमुखसंग अर्को दिन भेटवार्ता र बिचार आदान-प्रदान गरियो । दुई जना दोभाषे जिम्मेवार व्यक्तिहरु सरला र विजय (नेपाली नाम)ले हामीलाई भाषिक सम्प्रेषणको काम गरे साथै समन्वय, निर्देशिका अनुरुप अनुयात्रा र सहकार्यको महत्वपूर्ण भूमिका कुशलतापूर्वक निभाए ।

चिनियाँ प्रतिनिधि र नेपाली प्रतिनिधि मण्डलबीच चीनको राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति, वर्तमान बिदेश सम्वन्धको स्थिति, सी जिन पिङ्ग विचार, आर्थिक र भौतिक बिकास योजना, चिनियाँ विशेषताको समाजवाद र त्यसको अभ्यास, चीनले पूरा गरेको गरिबी निवारणको योजना, शिक्षा, यातायात र कृषि विकास, मसिनरी र यन्त्र उत्पादन, सीपीसीको भावी लक्ष्य, चीनले हासिल गरेको अन्तरिक्ष प्रविधि, नेपाल र चीनबीचको ऐतिहासिक, साँस्कृतिक तथा राजनैतिक सम्वन्ध, नेपालको विकासमा सहकार्य र बीआरआई परियोजना, नेपालसितको सहकार्यमा नेपालमा औद्योगिक विकासको सम्भावना, दुई देशका कम्युनिष्ट पार्टीबीचको कमरेडली सम्वन्धको विकास गर्नेबारे छलफलहरु भए । यो अध्ययन, भ्रमण, अवलोकनले महत्वपूर्ण उपलब्धि र शिक्षा प्रदान गरेको अनुभूति समग्र टिमले गरेको छ । टिमका नेता महासचिव देव गुरुङ हुनुहुन्थ्यो र परशुराम तामाङ, अमृता थापा, कमला रोक्का, ओम शर्मा, ईश्वरचन्द्र ज्ञवाली, तारा घर्ती, शंकर दुलाल लगायत हामी तीस जना थियौं । चिनियाँ आतिथ्य, सम्मान, कमरेडली भाव, सहयोगी व्यवहार र आत्मीयताले सबैलाई तीव्र प्रभाव पारेको महसुस भयो । भ्रमणले आनन्द मात्र होइन शिक्षा र सन्देश पनि दिएको छ । यस भ्रमणले दिएको सन्देशलाई छोटोमा निम्न रुपमा प्रस्तुत गर्न सकिन्छ ।

**क) राजनीति/विचार**

यस भ्रमणले चीन आज पनि माओ विचार, शिक्षा र माओका योगदानलाई सान्दर्भिक र सम्मानित रुपमा अनुकरण गरिरहेको देखिन्छ । मुख्यतः नयाँ चीन (क्रान्तिपछिको चीन)ले मुख्य नायक माओसहित देङ सियाओ पिङ र सी जिन पिङका त्रिआयामिक बिचारलाई चिनियाँ विकासका तीन मोड र तीन मेरुदण्ड मानेको पाइयो । माओले क्रान्तिको नेतृत्व गर्दै राजनैतिक, बैचारिक, सामाजिक, साँस्कृतिकका साथै व्यवस्था नै परिवर्तन गर्न भूमिका निभाएको, देङले आर्थिक रुपान्तरणको नयाँ नमूना दिई नेतृत्व गरेको र सीले वर्गीय विभेद पाट्ने समाजवादी पद्धति, अन्तर्राष्ट्रिय सम्बन्धमा नयाँ गति, साम्राज्यवादी हस्तक्षेप र षड्यन्त्र विरुद्धको नयाँ नीति, चीनको समग्र विकासको योजना, बन्द ढोका खोल्ने नीति प्रयोग गरेको भन्ने धारणा चिनियाँहरुको रहेको पाइयो । आर्थिक, सामाजिक, साँस्कृतिक विकास, अन्तरिक्ष विज्ञानमा पहुँचको तीव्रता, गरिबी विरुद्ध अभियानमा सीको बैचारिक योगदान महत्वपूर्ण रहेको र सीले राष्ट्रिय स्वाभिमान, स्वतन्त्रता र अखण्ड चीनको राष्ट्रवादी विचारलाई अत्यन्त ध्यान पुराउँदै चीनको एकतालाई अझ मजबुत पार्ने दृष्टिकोण राखेको पाइयो । ताइवान, हङ्गकङ्ग, मकाउ, तिब्बत, सेचुवान(उइगुर क्षेत्र), इनर मंगोलिया आदिमा साम्राज्यवादको बिघटनकारी षड्यन्त्र र गडबडी विरुद्ध चीन अत्यन्त सचेत देखिन्छ । यो पाठ सीले रुस बिघटनबाट सिकेको थाहा हुन्छ । चीन साम्राज्यवादी चरित्र र विस्तारवादी विचारबाट अलग्गै रहेको र आफूमाथि आइलाग्नेलाई नछोड्ने नीतिमा दृढ रहेको पाइयो । चिनियाँ विशेषता सहितको समाजवादको यो एउटा पक्ष हो ।

**ख) अर्थ व्यवस्था**

चीन विश्वकै धनी, विकसित देशमध्ये एक बन्न पुगेको छ । उसको अर्थव्यवस्था सफल हुँदै गएको पनि मानिन्छ । चीनले भौतिक पूवाधारलाई सबै प्रान्त, क्षेत्र, गाउँ, बस्तीसम्म पुराउने योजना र लक्ष्य अनुसार निरन्तर तीव्रगतिमा रहेको स्पष्ट देखिन्छ । यातायात, सञ्चार, कल-कारखाना, उद्योग, व्यापार, व्यवसाय आदि प्रवर्द्धनमा अहिले गाउँलाई पनि महत्व र जोड दिएको देखिन्छ । आर्थिक समुन्नतिमा विश्वकै दोस्रो ठुलो अर्थव्यवस्था बन्न पुगेको चीन कमजोर र गरिब मुलुकको पनि आर्थिक समुन्नतिमा सहयोगी बन्दै गएको रहेछ । त्यस्तै बिश्व मानवता, शान्ति र समानताका लागि आवाज उठाइरहेको तथा अविचल रहेको पनि पाइयो । यसले विकास, निर्माण, उत्पादन, श्रम सुव्यवस्था र सुशासनमा पनि ध्यान दिइरहेको छ । मिश्रित अर्थव्यवस्था र एक देश दुई पद्धति अँगालेको चीनले ठुलाठुला व्यापारिक समूह, ठुलाठुला उत्पादन कम्पनी, सहकारीकरण, सरकारी र निजी साझेदारी, समानुपातिक आर्थिक वितरण, गरिब, विपन्न, कमजोर क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिएको रहेछ । ठाउँठाउँमा पीपीपी मोडेलको अर्थ व्यवस्था पनि लागु गरिरहेको छ । एक देश दुई व्यवस्था अनुरुप राज्य सञ्चालन गरिरहेको चीन आर्थिक पद्धतिमा नै परिवर्तन गर्दै खुला बजारलाई पनि स्थान दिइरहेको छ । अर्थतन्त्रमा आएको वृद्धिसँगै हामीले कल्पना नै गर्न नसकेका काम उसले गरेर देखाएको छ । तीव्रगतिको रेलको विकासले अर्थतन्त्र र प्रविधिलाई झन्झन् सहज तुल्याएको रहेछ भने अनुसन्धान, खोज, अन्वेषण, आविष्कारमा दिएको जोडले उच्च आर्थिक विकासलाई बढी सम्भव बनाएको पनि देखिन्छ ।

**ग) कृषि पद्धति/नीति**

चीनको कृषि प्रणाली अत्यन्त विकसित रहेको पाइयो । विकसित कृषि पद्धतिमा थोरै जमिनबाट धेरै उत्पादन गर्ने, उन्नत जातका बिउ विजन आविष्कार गर्ने, यान्त्रीकरण र उच्चस्तरीय कृषिसामग्री प्रयोग गर्ने, जैविक श्रमशक्तिलाई क्रमशः यान्त्रिक शक्तिद्वारा विस्थापन गर्ने, कृषि पद्धतिलाई सरलीकरण गर्ने, चक्ला प्रथा, सामूहिक खेती, सहकारी मार्फत खेती गर्ने, कृषि व्यवसायीकरण र सर्वसुलभ कृषि सामग्री, उन्नत विउविजन तथा उन्नत कृषि प्रविधि उपलब्ध गराएको तथा कृषि अनुसन्धान केन्द्रलाई विभिन्न ठाउँमा व्यापक बनाउने नीति लिएको रहेछ । विशेष अन्नबाली, फलफूल, तरकारी, पशुपालन, चिया बगान, जरीबुटीका विशेष क्षेत्र निर्धारण र तिनमा सम्पूर्ण साधन-सुविधा, उद्योगको व्यवस्था, व्यवसाय-व्यापार केन्द्रको व्यवस्था,

*बाँकी चार पृष्ठमा*




अनुरोधकर्ता
शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## विश्वकै पहिलो ...

कृषि प्रयोगशाला, रोग अनुसन्धान र उपचार व्यवस्था, कृषि उद्योग तथा कृषिप्रशोधन केन्द्रको स्थापना, कृषिविज्ञहरुको व्यवस्था आदि गर्दै अत्यन्त वैज्ञानिक ढंग र विधिको प्रयोग पनि गरिएको रहेछ। हरेक क्षेत्रमा जमिनलाई कृषि, वन, चरन, आवास, उद्योग, शिक्षा आदि तोकेर कृषि उत्पादन हुने क्षेत्रलाई मास्न नपाउने नियम लागु गरिएको रहेछ। आधुनिक र वैज्ञानिक खेती प्रणालीमा सकेसम्म नियमित सिञ्चाइ पुऱ्याउने कुरामा जोड दिइएको छ। ठाउँठाउँमा ठुलाठुला सिञ्चाइका लागि पोखरी, ताल, जलाशय, जलाधार बनाई, बर्खे पानी संकलन र भण्डारण गर्दै कुलो सिञ्चाइ, पाइप सिञ्चाइ, थोपा सिञ्चाइद्वारा नियमित सिञ्चाइ सुविधा किसानलाई उपलब्ध गर्ने व्यवस्थापन मिलाइएको रहेछ। खाद्यान्नमा 'हाई ब्रिड'को विकास र अनुसन्धानले छिटोछिटो खेती पाक्ने र वर्षमा चार पटकसम्म खेती लगाउने समेत गरिएको रहेछ। एउटै मकैको बोटमा छ वटा घोंगा लाग्ने, एउटै धानको गाँजमा एक माना धान फल्ने, एउटै फूलको बोटमा फरक रंगका फूल फुल्ने, एउटै फलको बोटमा फरक फलफुल फल्ने आदि समेत गरेको देखियो। कलमे विधिले गमलामा पनि सानासाना बोटमा फलफूल फलाउने गरिंदो रहेछ। फूलको व्यावसायिक खेती र विश्वव्यापी निर्यात मात्रले वर्षमा अरबौं युआन भित्रिने रहेछ। कृषि पद्धतिमा गरिएको आधुनिकीकरण र वैज्ञानिकीकरणले परम्परागत उत्पादनमा दश गुणासम्म उत्पादन वृद्धि भएको रहेछ। कृषि विश्व विद्यालयलाई यन्त्र विकास, प्रयोगशाला, अन्वेषण केन्द्रका रुपमा विकास गरेर रिमोट-कृषियन्त्र, विषादि छर्ने मसिन, शक्तिशाली पम्प, हाते हलो, धान काट्ने, मकै छोडाउने, खेती गोडमेल गर्ने यन्त्रहरु पनि उत्पादन गर्ने स्थान बनाइएको रहेछ। कृषि क्षेत्रहरुलाई पर्यटन, अवलोकन-भ्रमण केन्द्र आदिमा विकास गरिएको छ।

**घ) पर्यटन**

हरेक प्राकृतिक स्थललाई कुनै न कुनै पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने, त्यसको भौतिक सौन्दर्यीकरण गर्ने, नयाँ नयाँ पर्यटन स्थल निर्माण गर्ने र यसरी पर्यटन केन्द्रहरुको व्यापकता सिर्जना गर्ने काम पनि वर्तमान चीनको विशेषता रहेको देखिएको छ। यसो गर्दा प्रकृतिको यथारुपको जगेर्ना गर्न जोड दिइएको पाइयो। प्राकृतिक भौगोलिक रुपलाई मासेर वा बिगारेर पूर्वाधार विकास गरिएको देखिएन। माओको जन्मस्थलको पुरातात्विक प्राचीनतालाई यथावत् राखेर नै पर्यटन स्थलको विकास गरिएको रहेछ। युनान प्रान्तको झिजिन गुफाको चित्ताकर्षक बनोट र परिमार्जित अवस्था हेर्दा पर्यटनलाई कति महत्व दिइएको रहेछ भन्ने स्पट हुन्छ। यसको तिलस्मि सौन्दर्य मनमोहक छ। पार्कहरु र व्यवस्थित पारिएका कृषि उत्पादन एकाइहरु पनि पर्यटन अवलोकन केन्द्र बनेका छन्। वार म्युजियम, वनस्पति म्युजियम, ऐतिहासिक स्थल, पुरातात्विक स्थल, तियानमेन चोक, ग्रेटहल अफ द पिपुल, अरनिको ग्राम, पुरानो चीनको जेल म्युजियम, डाटा प्रदर्शनी स्थल, कृषि म्युजियम र प्रदर्शनी स्थल, ठुला ठुला उद्यान र बगानहरुको निर्माण, विकास, संरक्षण गरी पर्यटनमा प्रगति गरिएको रहेछ। एउटै माओको लकेटबाट मात्रै करोडौं आम्दानी गर्नु सानो कुरा होइन। विशाल भौतिक संरचना, तिनको आकर्षक बनोट, विशिष्ट प्रकारको शैली, कलात्मक रुप-रचना आदिले ती ठाउँ पनि दर्शनीय पर्यटक स्थल बनेका रहेछन्। 'जनताको सेवा गर', 'तथ्यबाट सत्य पत्ता लगाऊ', 'परिश्रमबाट आत्मनिर्भरता' 'एक चीन एक सम्बन्ध' जस्ता नाराहरुलाई विशाल ढुङ्गाहरुमा कपेर सजाइएको र पर्यटनलाई टेवा पुऱ्याएको दृश्य देखेर आश्चर्य लाग्छ। ढुङ्गै ढुङ्गा भएको चट्टानी थुम्के डाँडालाई ढुङ्गे बगैंचामा विकास गरेर पनि पर्यटन विस्तार गरिएको देखेर मान्छेले गर्न नसक्ने केही रहेनछ भन्ने अनुभूति हुन्छ। यसरी पर्यटन विकासमा जोड दिइएको छ।

**ङ) यातायात र विशाल संरचना**

यातायात सुविधालाई आधारभूत र अनिवार्य पूर्वाधारका रुपमा लिइएको रहेछ। फलस्वरुप ठुला ठुला छ लेनदेखि दश लेनसम्मका राष्ट्रिय राजमार्गहरु बनाइएको छ। ठुलाठुला विशाल भौतिक संरचना, अग्ला अग्ला खम्बा भएका (तीन सय मिटरसम्म अग्ला) पुल, पुलमाथि पुल, घुमाउरा र आकर्षक पुल, सत्तरी तलासम्मका प्रत्येक बजार क्षेत्रमा दर्जनौं घरहरु, यत्रतत्र सुरुङ मार्ग निर्माण, ८ सय किमिमा ७५ प्रतिशत बाटो सुरुङ नै रहेको पनि देखियो। गाउँ गाउँसम्म कृषि मार्ग पुगेको रहेछ। अन्तर प्रादेशिक मार्गहरु दश लेनसम्मका रहेछन्। ठुला सहर जोड्ने छ लेनका राजमार्गहरु ३-३ वटासम्म बनेका रहेछन्। लाखौं किमि बाटो पनि सफा र सुग्घर राखिएको रहेछ। तीव्रगतिको रेल लाइन जताततै बिछाइएको छ। भव्य र विशाल रेलवे स्टेसन बनेका छन्। हामी घुमेका सबै ठाउँमा ८ लेनका समानान्तर राजमार्ग बनेको पनि देखियो जुन प्रशस्त चौडा छन्। सबै क्षेत्रमा यातायातको पहुँच पुऱ्याइएको रहेछ। गाउँगाउँमा दर्जनौं तले भवनहरुले पर्यटनलाई निम्तो दिएको पनि देखियो। यातायात क्षेत्र विकासको मुख्य र पहिलो आधार हो भन्ने नीति नै बनाइएको रहेछ।

**च) उद्योग/कारखाना विकास**

हामीले 'एसएएनवाई' यन्त्र उद्योग भ्रमण गऱ्यौं। यो ठुलो क्षेत्रमा फैलेको रहेछ। जसमा यन्त्रशाला र प्रदर्शन केन्द्र पनि थिए। यसले जेसीबी, डोजर, लोडर, ड्रिलर, क्रेन, टनेल मसिन, अत्यन्त शक्तिशाली पम्प, मोटर, ट्रेक्टर, एकैपटक धेरै गाडी ओसार्ने ठुला ट्रक बनाउने रहेछ र निर्यात गर्दो रहेछ। हजारौं टन सम्बहन गर्न सक्ने विशालकाय मोटरहरु बनाइदो रहेछ। यस्ता ठुला उद्योग देशैभरि हजारौंको सङ्ख्यामा बनेका रहेछन्। यन्त्र उद्योग, इलेक्ट्रोनिक उद्योग, व्यावसायिक उद्योग, कृषि उद्योग, खाद्य उद्योग आदि स्थानीय विशेषता अनुरुप ठाउँठाउँमा समानुपातिक र सन्तुलित रुपमा खोलिएको रहेछ।

यो 'सानी' उद्योगमा साना हवाइ इन्जिन पनि बनाइँदो रहेछ। कैयो यन्त्र त स्वचालित मिसिनबाट बिना मानिस नै बनाइदो रहेछ। प्रदेश प्रदेशमा फरक प्रकृतिका उद्योग, कल-कारखाना आवश्यकता अनुरुप खोलिएको रहेछ। ठुलाठुला उद्योग, कारखाना सबै प्रान्तमा देशैभरि खोलिएका रहेछन्। उद्योगहरु सरकारी, प्राइभेट समूह, साझा कम्पनी, सरकार र जनताको साझेदारीमा खोलिएको पाइयो। जसले विश्वभरि आफ्ना उत्पादन पुऱ्याएका छन्। गाउँगाउँमा कृषि उद्योग व्यवस्थित गरिएको रहेछ।

**छ) समाजवादी आधुनिकीकरण र गरिबी उन्मूलन**

यो भ्रमणमा चीनले गरेको प्रगति विकास आश्चर्य लाग्दो रुपमा रहेको थाहा भयो। तेस्रो विश्वका नेपाल जस्ता मुलुकले असम्भव ठानेका कामहरु चीनले सम्भव बनाएको छ। समाजवादको आधुनिक रुपले अर्थतन्त्रको समानुपातिक वितरण, सन्तुलित औद्योगिक विकास, कृषि क्षेत्रमा विकास र प्रचुर उत्पादन गर्दै 'गरिबी उन्मुलन' सफल पारिएको पाइयो। यातायातको विस्तारले त्यसमा सहयोग गरेको छ। सहरीकरण र वर्गीय असमानता पाट्ने काम, अन्तर्राष्ट्रिय सम्बन्ध र मित्रता विस्तार, बीआरआई परियोजना, विश्वमानवता, शान्ति, र पर्यावरणमा पनि पूरा ध्यान पुऱ्याइएको रहेछ। त्यस्तै विश्व साम्रज्यवाद र विस्तारवादको विरोध, स्वाधीन स्वाभिमानी आत्मनिर्भर समृद्ध चीन निर्माण, सरकारको जनताप्रतिको उत्तरदायित्वको पालना, भ्रष्टाचार विरुद्ध अभियान एवम् कडा दण्ड विधान, प्रशासनिक पद्धतिमा व्यापक सुधार र राष्ट्रिय अनुशासन, सामाजिकीकरण, जनसेवामा जोड, मिश्रित अर्थव्यवस्था जस्ता विशेषता सामाजवादको आधुनिकीकरणका विशेषता रहेको पाइयो। जसबाट गरिब बस्तीहरुमा गरिबी निवारणका प्याकेज लिएर सरकार गाउँमा पुग्ने गर्दछ। माछा खान दिने भन्दा माछा मार्न सिकाउने नीति गरिबी उन्मूलनको दिगो आधार बनाइएको र अशक्त, कमजोर, अपाङ्ग, दीर्घरोगीहरुलाई सरकारले जीविका-भत्ता प्रदान गरिरहेको छ तथा तिनका छोराछोरीलाई निःशुल्क शिक्षा, स्वास्थ्य, यातायात आदि दिएको रहेछ। सबै जनताको आवास, खाद्यान्न, पोशाक, स्वास्थ्योपचार, कृषिउत्पादन, शिक्षामा समानता ल्याउन जोड दिइएको छ। यो सबै परिवर्तित व्यवस्थाको श्रेय भने सी जिङ्ग पिङलाई दिइएको छ।

**ज) शिक्षा**

चीनमा वैज्ञानिक प्राविधिक उपयोगी शिक्षाका साथै कृषि शिक्षालाई पनि उत्तिकै महत्व दिइएको छ। प्रायोगिक र व्यावहारिक शिक्षालाई पनि जोड दिइएको छ। खोज, अनुसन्धान, आविष्कार, अन्वेषणमूलक शिक्षाका केन्द्रहरु बनाइएको रहेछ। माओले अध्ययन गरेको प्राचीन पेकिङ विश्वविद्यालयलाई आधुनिक विश्वविद्यालयमा रुपान्तर गरी सञ्चालन गरिएको छ भने शिक्षालाई सर्वसुलभ बनाइएको रहेछ। शिक्षाले मात्र गरिबी हटाउन सक्छ र देशलाई आत्मनिर्भर बनाउन सक्छ भन्ने धारणा बनाइएको छ। शिक्षा र ज्ञानलाई गाउँगाउँसम्म पुऱ्याउन र जनतालाई सचेत र जागरुक बनाउन नै यसो गरिएको रहेछ। कृषि शिक्षा, प्रविधि शिक्षा, प्रयोगमूलक शिक्षा, व्यावहारिक शिक्षा, खोजमूलक शिक्षा, ऐतिहासिक शिक्षा, आधुनिक शिक्षालाई व्यापक विस्तार गरिएको छ। विद्यार्थीहरु पढाइ सकेर निस्कँदा उनका हातमा शीप, दक्षता, क्षमता, विशेषज्ञता, प्राविधिक-यन्त्र शिक्षाको योग्यता लिएर निस्कियून् र स्वरोजगारी, स्वव्यवसाय गर्न सक्ने आत्मनिर्भर बनून् भन्नेमा जोड दिइएको छ। उच्च गुणस्तरीय, वैज्ञानिक शिक्षा चीनको आधुनिक शिक्षाको रुप रहेको देखिन्छ। 'शिक्षा सबैलाई' भन्ने नारा बनाइएको रहेछ।

झ) उपरोक्त पाठ तथा सन्देश नै हाम्रो टोलीले चीन भ्रमणमा प्राप्त गरेको पाठ हो। तसर्थ यो भ्रमण अत्यन्त सार्थक र उपलब्धिपूर्ण बन्न पुगेको महसुस हुन्छ। हामीले पनि चीनले गरेको यो प्रयोगलाई आफ्नो विशेषतामा प्रयोग गरेमा दिगो प्रगति र समृद्धि हासिल गर्न सकिन्छ। चीनले गरेका हरेक प्रयास व्यावहारिक देखिन्छन्। उनीहरुले जुन विधि र पद्धति अपनाएका छन् ती अत्यन्त अनुकरणीय छन्। खासगरी कृषि र उद्योगमा चीनसंग नेपालले सहकार्य गर्नु पर्ने आवश्यकता बोध हुन्छ। यसले चिनियाँ कम्युनिष्ट पार्टी र माओवादी केन्द्रका बीच सम्बन्धको घनिष्टता, प्रगाढता, सामीप्यता, कमरेडली भावना सिर्जना पनि गर्छ। त्यस्तै दुई देशबीचको मित्रता र सम्बन्धलाई पनि अझ विकसित र मजबुत बनाउन सक्छ। तसर्थ चीनको आधुनिक पथ हाम्रा लागि अनुकरणीय रहेको छ। रातोपाटीबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट बञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिबाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# नेपाल पुलिसलाई महिला कबड्डी प्रतियोगिताको उपाधी

**राजविराज**/राष्ट्रिय महिला कबड्डी प्रतियोगिताको उपाधी नेपाल पुलिसले हात पारेको छ ।

राजविराजमा मंगलबार सम्पन्न फाइनल खेलमा नेपाल पुलिसले एपिएफलाई २१ का बिरुद्ध २४ अंकको अन्तरले हराउँदै सो उपाधी हात पारेको हो ।

प्रतियोगितामा बिजेता टिम नेपाल पुलिसले नगद १ लाख १ हजारसँगै ट्रफी र प्रमाणपत्र तथा उपबिजेता एपिएफ टिमले नगद ५१ हजार तथा तेश्रो स्थान प्राप्त गर्ने नेपाली सेना र लुम्बिनी प्रदेशले जनही २५/२५ हजार नगदसहित मेडल र कदरपत्र प्राप्त गरे ।

जिल्ला कबड्डी संघ सप्तरीको आयोजना, अखिल नेपाल कबड्डी संघको समन्वय तथा राजविराज नगरपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिकाको सहयोगमा बैशाख २९ देखी सुरु भएको प्रतियोगितामा नेपाली सेना र लुम्बिनी प्रदेश तेश्रो स्थान प्राप्त गरे । तीन दिनसम्म चलेको प्रतियोगितामा कर्णाली बाहेक ६ प्रदेश तथा तीन विभागिय टोली गरि कुल ९ टिमको सहभागिता रहेको थियो ।

प्रतियोगिता समाप्तीपछि जिल्ला कबड्डी संघका अध्यक्ष चन्द्रशेखर चौधरीको अध्यक्षतामा आयोजित पुरस्कार बितरण समारोहमा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन, जिल्ला समन्वय समितिका सभापति शिवनारायण साह, अखिल नेपाल कबड्डी संघका महासचिव अरबिन्द भा लगायतले बिजयी खेलाडीहरुलाई पुरस्कार बितरण गरेका थिए ।

# क्रिकेटर लामिछानेलाई सफाई

**काठमाडौं**/उच्च अदालत पाटनले क्रिकेटर सन्दीप लामिछानेलाई बलात्कार मुद्दामा सफाई दिएको छ ।

न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको इजलासले उनलाई सफाई दिएको हो । मंगलबारलेखि सुनुवाई सुरु भए पनि दुई पक्षका वकिलहरुको बहस नसकिएपछि मंगलबार हेर्दाहेर्दैमा राखिएको थियो । र बुधबार सोही इजलासमा सुनुवाईलाई निरन्तरता दिँदै फैसला सुनाइएको हो ।

यसअघि जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिर राज ढकालको इजलासले २०८० पुष १३ गते सन्दीपलाई बलात्कार मुद्दामा दोषी ठहर गरेको थियो । न्यायाधीश ढकालको इजलासले राति एउटै कोठामा बसेको अवस्था देखिएको, सो समयमा गौशला २६ ले करणी भएको भनेको र गौशाला २६ को तथा प्रतिवादी सन्दीप लामिछानको घटना हुँदाको दिनको क्रियाकलापको घटनाक्रम समेतलाई विचार गर्दा प्रतिवादी तथा गौशाला २६ को बीचमा करणी भएको देखिएको भन्दै सन्दीपलाई दोषी ठहर गरेको थियो ।

त्यस्तै जिल्ला अदालतले गौशाला २६ को उमेर वारदात हुँदा १८ वर्ष पुगिसकेको फैसला गरेको थियो । १८ वर्ष पुगिसकेकी गौशाला २६ को नाजुक आर्थिक अवस्थासमेतको फइदा उठाई करणी भएको देखिँदा सहमतिको करणी भएको देखिँदा सहमतिको करणी भन्ने नदेखिएकाले प्रतिवादी सन्दीप लामिछानेलाई जिल्ला अदालत काठमाडौँले दोषी ठहर गरेको थियो ।

त्यसपछि २०८० पुष २५ गते जिल्ला अदालत काठमाडौंले क्रिकेटर सन्दीप लामिछानेलाई ८ वर्ष कैद सजाय तोकिएको थियो भने उनीबाट ५ लाख रुपैयाँ क्षतिपूर्ति पिडितलाई भराउनुपर्ने आदेश पनि भएको थियो । त्यसपछि २०८० फागुन १० गते सन्दीपले जिल्ला अदालतको फैसला विरुद्ध उच्च अदातल पाटनमा पुनरावेदन निवेदन दिएका थिए ।

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा भुलभित्र सुतौं । भ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा भिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा भुलभित्र सुतौं । भ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा भिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## अफगानिस्तानमा आकस्मिक बाढीले पचासको मृत्यु

**काबुल**/पश्चिमी अफगानिस्तानमा आकस्मिक बाढीले कम्तीमा पचास जनाको ज्यान गएको प्रान्तीय प्रहरीले शनिबार जनाएको छ ।

"शुक्रबार बाढीका कारण घोर प्रान्तका पचास जना बासिन्दाको मृत्यु भएको छ भने अन्य धेरैजना बेपत्ता रहेका छन्," घोर प्रहरी प्रवक्ता अब्दुल रहमान बाढीले एक विज्ञप्तिमा भन्नुभयो ।

"बाढीले करिब दुई हजार घर ध्वस्त पार्नुका साथै हजारौं घरलाई क्षति पुर्‍याएको छ, बाढीले हजारौं गाईवस्तु पनि मरेका छन्, सयौं हेक्टर कृषि योग्य जमिनमा क्षति, सयौं पुल र हजारौं रुखहरू नष्ट भएका छन्," उहाँले थप बताउनुभयो ।

प्रान्तभित्रका प्रमुख सडकहरू "पूर्णरूपमा अवरुद्ध" भएका थिए । विश्व खाद्य कार्यक्रम र तालिबान अधिकारीका अनुसार उत्तरी बघलान प्रान्तमा गत हप्ता पनि आकस्मिक बाढीका कारण सयौं मानिसको मृत्यु भएको थियो । एजेन्सी

## ह्वाइट हाउसले भन्यो- भारतभन्दा जीवन्त लोकतन्त्र अन्यत्र छैन

**वासिङ्टन डीसी**/आम निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गरेकोमा भारतका जनताको प्रशंसा गर्दै ह्वाइट हाउसले शुक्रबार भारतभन्दा जीवन्त लोकतन्त्र संसारमा नभएको बताएको छ ।

राष्ट्रिय सुरक्षा सञ्चार सल्लाहकार जोन किर्बीले भावी सरकार निर्माणमा भारतीय जनताले देखाएको सक्रियताको प्रशंसा गर्नुभयो ।

किर्बीले एक पत्रकार सम्मेलनमा भन्नुभयो, "संसारमा भारतभन्दा जीवन्त लोकतन्त्र धेरै छैनन् र हामी भारतीय जनतालाई उनीहरूको मतदान गर्ने क्षमता र भावी सरकार निर्माणका लागि देखाएको सक्रियताको प्रशंसा गर्दछौं र शुभकामना दिन्छौं ।" भारतको आम निर्वाचनप्रति अमेरिकी राष्ट्रपतिको विचारबारे सोधिएको प्रश्नको जवाफ दिँदै उहाँले यस्तो बताउनुभएको हो ।

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारत-अमेरिका सम्बन्धको बारेमा अर्को प्रश्नको जवाफ दिँदै ह्वाइट हाउसका अधिकारीले भन्नुभयो, "म विगत तीन वर्षमा अडिग रहन्छु, भारतसँगको हाम्रो सम्बन्ध अत्यन्त निकट छ र निकट हुँदै गइरहेको छ ।"

"तपाईंले यो राज्य भ्रमणमा देख्नुभयो । हामीले महत्त्वपूर्ण उदीयमान प्रविधिहरूमा सँगै काम गर्ने सबै प्रकारका नयाँ पहल सुरु गरेका छौं र इन्डो-प्यासिफिक क्वाडको प्रासंगिकतालाई सुदृढ र विस्तार गरेका छौं जसको भारत एक हिस्सा हो, यो एक धेरै जीवन्त सक्रिय साझेदारी हो र हामी प्रधानमन्त्री मोदीको नेतृत्वका लागि आभारी छौं," किर्बीले भन्नुभयो । एजेन्सी

## गाजाबाट १७ अमेरिकी डाक्टरको उद्धार

**वासिङ्टन**/इजरायलले राफाहबाट इजिप्ट जाने सीमा बन्द गरेपछि गाजामा फसेका २० अमेरिकी डाक्टरमध्ये १७ जनाको सुरक्षितरूपमा उद्धार गरिएको राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले बताउनुभयो ।

उहाँले भन्नुभयो "हाल उनीहरु बाहिर आएका छन् सबै जनाले बाहिर जान चाहेकोमा सोही बमोजिम भएको छ, अन्य तीनजनाका लागि बोल्दिन ।"

उनीहरुको उद्धार जेरुसेलमस्थित अमेरिकी दूतावासको सहयोगमा सम्भव भएको विदेश विभागका प्रवक्ताले जनाउनुभएको छ । उहाँले अमेरिकी डाक्टरहरू संलग्न समूह र उनीहरुका परिवारसँग सम्पर्कमा रहेको बताउनुभयो ।

गाजा नछोड्ने निर्णय गरेका तीनजना डाक्टरसमेतले दूतावासले आफ्नो प्रस्थानलाई सहज बनाउने कुरा बुझेको उद्धृत गर्दै सिएनएनले रिपोर्ट गरेको स्रोतले जनाएको छ ।

दूतावासको टोलीले सीमामा डाक्टरलाई स्वागत गर्न केरेम शालोम क्रसिङगमा यात्रा गरेको स्रोतले जनाएको छ ।

इजरायलले राफाहबाट इजिप्टको सीमा क्रसिँग बन्द गरेपछि त्यहाँ फसेका २० अमेरिकी डाक्टरमध्ये १७ को प्रस्थानपछि सहायता संस्थाले डाक्टरहरूलाई गाजामा फिर्ता ल्याउने चुनौतीको सामना गर्नुपर्ने सिएनएनले जनाएको छ ।

अमेरिकी डाक्टरलाई भाग्न मद्दत गर्ने प्रयाससँग परिचित स्रोतका अनुसार इजरायली सेनाले कब्जा गरेपछि राफाह क्रसिङग बन्द भएकाले उनीहरूको उचित व्यवस्थापन गर्नु प्रमुख चिन्ताको विषय हो ।

राफाह क्रसिङग, सञ्चालनमा रहँदा विदेशी सहायता कामदारका लागि एक मात्र प्रवेश तथा निकास बिन्दु थियो । इजरायली र इजिप्टका अधिकारी अहिलेसम्म यसलाई पुनःखोल्ने सहमति हुन सकेको छैन ।

नफर्किने निर्णय गर्ने डाक्टरमध्ये एक डा एडम हामावी हुनुहुन्छ उहाँले २० वर्ष पहिले पनि इराकमा जीवन बचाउन मद्दत गर्नु भएको थियो । यस मामिलासँग परिचित स्रोतका अनुसार उहाँ प्यालेस्टिनी र अमेरिकन मेडिकल एसोसिएसनसँग गाजा गई अन्य डाक्टरले जिम्मेवारी पुरा नगरी छोड्नु उचित नभएको महसुस गरेको सिएनएनले स्रोतलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ ।

विश्वव्यापीरुपमा अमेरिकी प्रशासनसँग मिलेर धेरै निकायले गाजामा सहायता र मानवीय कार्यकर्ता ल्याई कामदारका लागि आवश्यक सुरक्षा प्राप्त गर्न दवाब दिने काम गरिरहेका छन् । यसैबीच युएसएआइडीका एकजना शीर्ष अधिकारीले सहायताकार्यको सुरक्षा सुनिश्चित गर्न इजरायलले पर्याप्त काम नगरेको बताएका थिए ।

वातावरणीय जटिलतालाई ध्यानमा राख्दै आवश्यक उपाय अझै पर्याप्त नभएकाले मानवीय सहायता कामदारले सुरक्षितरूपमा सञ्चालन गर्न आवश्यक छ । युएसएआइडीको ब्युरो फर ह्युमेनिटेरियन असिस्टेन्सकी प्रशासककी सहायक सोनाली कोर्डेले गाजा काम गर्नाका लागि निकै खतरनाक ठाउँ भएको उल्लेख गर्दै यस्तो बताउनुभएको हो । एजेन्सी

# निर्णयहरु यथास्थितिमा राख्न निर्वाचन आयोगको नाममा आदेश

**काठमाडौं**/सर्वोच्च अदालतले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले दायर गरेका रिटमा सुनुवाई गर्दै पार्टी विभाजनका विषयमा भएका निर्णयहरु यथास्थितिमा राख्न निर्वाचन आयोगको नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीश विनोद शर्माको इजलासले पार्टी विभाजनपछि निर्वाचन आयोगले गरेको अर्को दल दर्तालगायतका निर्णय यथास्थितिमा राख्न अल्पकालीन अन्तरिम आदेश दिंदै ८ जेठमा दुबै पक्षलाई छलफलमा बोलाएको छ।

जसपा नेपालबाट ७ जना सांसदसहित विभाजित भएको समूहले अशोक राई नेतृत्वमा नयाँ पार्टी जसपा दर्ता गर्न निर्वाचन आयोगमा निवेदन दिएका थिए। आयोगले २४ वैशाखमा उक्त दल दर्ता गर्ने निर्णय गरेको थियो।

यता उपेन्द्र यादवले जसपा नेपालबाट विभाजित भएको समूहको दल दर्ता कानुन विपरीत भएको जिकिर गर्दै सर्वोच्चमा रिट दिएका थिए।

# युवक खोला किनारमा मृत भेटिए

**राजविराज**/ राजविराज नगरपालिका वडा नं. १२ विषहरिया टोल निवासी १९ वर्षिय सुनिल यादव खाँडो खोला किनारमा मृत अवस्थामा भेटिएका छन्।

साइकल लिएर घरबाट निस्केको उनी भोली पल्ट खोला किनारमा मृत अवस्थामा भेटिएका हुन।

मंगलवार साँझ साइकल चढी घरबाट निस्केका सुनिल बुधवार दिउँसो राजविराज नगरपालिका १३ स्थित पिपराही र भेल्ही बीचको खाँडो खोला किनारमा मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्यका अनुसार युबक साईकलसहित घोप्टो परेको र नाकबाट रगत बगेको अवस्थामा फेला परेका छन्। उनको शब पोस्टमार्टमका लागी स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुर्‍याई घटनाबारे थप अनुसन्धान भइरहेको उनले जनाए।

# ट्रकको ठक्करबाट साइकलयात्री बृद्धाको मृत्यु

**राजबिराज**/ट्रकको ठक्करबाट एक साइकलयात्री बृद्धाको शुक्रबार मृत्यु भएको छ।

सप्तरीको खडक नगरपालिका ५ खरचुहिया बस्ने ६० वर्षिय माखन साहको मृत्यु भएको हो।

उनको घटनास्थलमै ज्यान गएको प्रहरीले जनाएको छ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना.८ख. २८१६ नम्बरको मालबाहक ट्रकले पूर्वपश्चिम राजमार्ग अन्तरगत सोही नगरपालिकाको वडा ६ रन्जितपुर खण्डमा ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

स्थानीयले तिब्र गतिमा रहेको ट्रक अर्को सबारीसाधानलाई ओभरटेक गर्ने क्रममा सो दुर्घटना भएको बताएका छन्।

ठक्कर दिने ट्रकका चालक प्युठान जिल्ला निबासी ४० बर्षिय बमबहादुर पुनः र ट्रक नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बताए।

पक्राउ परेका चालकमाथी सबारी ज्यान मुद्दा अन्तरगत कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीको भनाई छ।

# पेट्रोल, डिजेल र मट्टितेलको मुल्य घट्यो

**काठमाडौं**/नेपाल आयल निगमले पेट्रोलमा प्रतिलिटर सात र डिजेल तथा मट्टितेलमा प्रतिलिटर पाँच घटाएको छ।

मूल्य घटेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रटिलिटर एक सय ६८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि रु एक सय ७० र तेस्रो वर्गका लागि रु एक सय ७१ कायम भएको छ।

डिजेल र मट्टितेल भने पहिलो, दोस्रो र तेस्रो वर्गका लागि प्रतिलिटर क्रमशः एक सय ५१ रुपैयाँ ५० पैसा, एक सय ५३ रुपैयाँ र एक सय ५४ रुपैयाँ पुगेको छ।

निगमले चारआली, बिराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगञ्जलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो तथा काठमाडौं, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गका रुपमा तोकेको छ।

# दिदीबहिनी फेला परिन

**राजविराज**/वेपत्ता भएकी दिदीबहिनी मंगलबार भारतको बृन्दावनमा भेटाएकी छिन्। उनीहरु राजबिराजबाट ११ दिनअघि वेपत्ता भएकी थिइन्।

भारतको बिहार राज्य अन्तरगत दरभंगा जिल्ला जालेग्राम पंचायत निवासी १८ वर्षिया रिंकी यादव र १९ वर्षिया पिंकी यादव गत बैशाख २१ गते राजबिराज ७ खरसाल टोलबाट सम्पर्कबिहीन भएकी थिइन्।

दिदीबहिनी रिंकी र पिंकी मामा अशोक यादवको छोराको बिबाह कार्यक्रममा सहभागि हुन आएको बेला बैशाख २१ गतेदेखी सम्पर्कबिहीन भएकी थिइन्।

बिवाह कार्यक्रममा आएकी दिदीबहिनीको बैशाख २० गते आमा देवकी देवीसँग बिवाद भएको थियो। सोही कारणले कसैलाई कुनै जानकारी नदिई भान्जीहरु बैशाख २१ गते घरबाट निस्केको मामा अशोकले जिल्ला प्रहरी कार्यालय सप्तरीमा जानकारी दिएका थिए।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी ढुण्डिराज नेउपानेले खोजिकार्य जारि राखेको बेला उनीहरु भारतको बृन्दावन शहरमा भेटिएको परिवारजन मार्फत बुझिन आएको जानकारी दिए।

मामा अशोकका अनुसार भान्जीहरु रिंकी र पिंकीले बोकेको मोवाइल चालु भएपछि उनीहरु सम्पर्कमा आएको र सोही आधारमा बृन्दावनको एक धर्मशालाबाट सकुशल अवस्थामा फेला परेको बताए।




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*